# नेपाल उद्योग वाणिज्य महासंघ
# निर्वाचन समितिको कार्यालय
# टेकु, काठमाडौं

# सूचना

२०७९/१२/२५

विषयः जानकारी सम्बन्धमा ।

नेपाल उद्योग वाणिज्य महासंघको मिति २०७९/१२/२९ गते हुने निर्वाचन प्रयोजनको लागि गठित निर्वाचन समितिको मिति २०७९/१२/२५ को वैठकले निम्नानुसारको निर्णय गरेकोले सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी काठमाडौंको सम्पूर्ण कम्पाउण्ड एरियालाई मतदान केन्द्र कायम गरिएको छ ।

२. मतदान केन्द्र भित्र कुनै पनि उम्मेद्वार वा समूहको फ्लेक्स, व्यानरहरु टास्न, झुण्डाउन र भड्किलो प्रदर्शन गर्न निषेध गरिएको छ ।

३. २०७९/१२/२९ गते विहान ८:०० बजेदेखि दिउंसो ४:०० बजेसम्म मतदान समय निर्धारित गरिएको छ । उक्त समयावधि भित्र मतदान केन्द्र भित्र प्रवेश गरिसकेका मतदातालाई जतिसुकै समय लागे पनि मतदान गर्न दिइने छ । कुनै कारणले विहान ८:०० बजे मतदान शुरु हुन नसकेमा जति समय ढिलो हुन्छ त्यत्तिनै समय थप गरी मतदान समय निर्धारण गरिने छ ।

४. महासंघको विधान अनुसार बरिष्ठ उपाध्यक्षको उम्मेद्वार निर्वाचत हुन ५० प्रतिशत भन्दा बढी मत प्राप्त गर्नुपर्ने भएकोले कुनै उम्मेद्वार पहिलो चरणमा निर्वाचित हुन नसकेमा दोश्रो चरणको निर्वाचन मिति २०७९/१२/३० का दिन दिनको ११:०० बजेदेखि ५:०० बजेसम्म सम्पन्न गरिने छ । कुनै कारण तोकिएको समयमा मतदान कार्य शुरु गर्न ढिलाइ हुने भएमा मतदान केन्द्रमा सूचना प्रकाशित गरि जानकारी गराईनेछ ।

५. मतदान गर्न जांदा मत संकेत गर्ने कोठमा मोबाइल, क्यामेरा तथा सलाई लाइटर जस्तै प्रज्ज्लनशिल पदार्थ, तरल पदार्थ लिई जान निधेष गरिएको छ । आफ्नो मोबाइल, क्यामरा, झोला लगायतका वस्तुहरु आफन्त वा सुरक्षा कर्मीलाई बुझाई जान हुन समेत सूचित गरिन्छ ।

६. मतदान गर्न आउदा महासंघद्वारा जारी मुख्य प्रतिनिधि परिचय पत्रका साथ आफ्नो परिचय खुल्ने फोटो सहितको परिचय पत्र लिई आउनु हुन सूचित गरिन्छ ।

७. जिल्ला/नगर समूहको लागि मतदान केन्द्र–१, वस्तुगत संघ समूहको लागि मतदान केन्द्र–१ र एशोसिएशट तर्फ मतदान केन्द्र–३ कायम गरिएको छ । आ आफ्नो मतदान केन्द्रमा लाइनमा बसी शान्तिपूर्ण किसिमले मतदान गर्नुहुन सूचित गरिन्छ।

८. जिल्ला/नगर समूहका सबै पद (बरिष्ठ उपाध्यक्ष सहित) का लागि रातो रंगको मतपत्र, वस्तुगत समूहका सबै पद (बरिष्ठ उपाध्यक्ष सहित) का लागि निलो रंगको मतपत्र, एशोसिएट समूहका सबै पद (बरिष्ठ उपाध्यक्ष सहित) का लागि सेतो रंगको मतपत्र निर्धारण गरिएको छ ।

९. प्रदेश सदस्य र संस्थापक समूह सदस्य पदको मतपत्र पहेलो रंगको हुनेछ ।

१० मत गणना स्थलमा मादक पदार्थ सेवन गरी प्रवेश गरी होहल्ला गर्न शान्ति सुव्यवस्था खलल पार्न निषेध गरिएको छ । यस्तो कृयाकलाप भए गरेको पाइएमा सुरक्षा कर्मीको सहायताले हल बाहिर पठाउन सकिनेछ ।

११ मतपत्र दिनु अघि हस्ताक्षर गरी आफ्नो परिचय पत्रमा मतदान गरेको संकेत स्वरुप परिचय पत्रमा प्वाल पारिने भएकोले सो समेत गराई मत पत्र रुजु गरी बुझी लिन र पद अनुसारका अलग अलग मत पेटिका राखिएकोले कुन मत पत्र कुन मत पेटिका खसाल्ने हो सो समेत यकिन गरी सम्बन्धित मतपेटिकामा खसाल्नु हुन समेत सूचित गरिन्छ ।

१२. बरिष्ठ उपाध्यक्ष र उपाध्यक्ष पदका उम्मेद्वारहरुले तीन तीन जना मतदान/ मत गणना प्रतिनिधि राख्न सक्ने भएकोले मतदान शुरु अघि प्रतिनिधि तोकि पठाउन हुन समेत सूचित गरिन्छ ।

| | | |
|---|---|---|
| रमण कुमार कर्ण | माधव प्रसाद भट्टराई | लीलामणि पौडेल |
| निर्वाचन अधिकृत | निर्वाचन अधिकृत | मुख्य निर्वाचन अधिकृत |